# <u>लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८</u>

## <u>सार्वजनिक वक्तव्य</u>

न्हिल्याः  नेपाल संवत् ११४२ कछला १२
मिति २०७८ कार्तिक १४

नेपाल संवत् ११४० तदनुसार २०७७ सालमा Asia Pacific Transgender Network (APTN) ले Amplifying Trans Advocacy Fellowship 2020 कार्यक्रम अन्तर्गत एशिया-प्रशान्त क्षेत्रका पारलैङ्गिक अधिकारकर्मीहरूलाई अन्तर्राष्ट्रिय मानव अधिकार सम्बन्धी शिक्षण सत्रहरू संचालन गरेका थिए जस अन्तर्गत नेपालबाट हामी रुक्शना कपाली र एलिन भण्डारी सहभागी हुने मौका पायौँ । शिक्षण सत्रहरूको अन्त्य पछी उक्त कार्यक्रममा सिकेका कुराहरूलाई समेत लागू हुने ढङ्गले आ-आफ्नो स्थानमा परियोजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने थियो । सोही कार्यक्रम अन्तर्गतको सहयोगमा हामीले कानूनी सल्लाहकारका रूपमा अधिवक्ता सुबिन मुल्मीका साथै विभिन्न संघसंस्था तथा व्यक्तिहरू सहितको साझेदारी संलग्नतामा *लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८* निर्माण गर्ने कार्य गरेका छौँ ।

हाम्रो सामाजिक मूल्य मान्यताले कुनै बच्चा जन्मन बित्तिकै उसको यौनाङ्गको आधारमा लैङ्गिकता (Gender) निर्धारण गरिदिन्छ, जस्तै : दृश्यक यौनाङ्ग योनी भएमा महिला र दृश्यक यौनाङ्ग शिश्न भएमा पुरुष ।  यस शारीरिक द्वयसंख्या (Binary) ले अन्तरलिङ्गी (Intersex) व्यक्तिहरूलाई वहिष्करणमा पारेको छ  भने यौनाङ्गका आधारमा लैङ्गिकता निर्धारण गरिँदा त्यसरी जन्मँदा इङ्गित लैङ्गिकता (Gender assigned at birth) अनुरूपकै लैङ्गिक पहिचान हुने त्याचलैङ्गिक (Cisgender) व्यक्ति बाहेक सो सामाजिक मान्यता भन्दा फरक लैङ्गिक अनुभूती तथा अभिव्यक्ति भएका पारलैङ्गिक (Transgender), गैर-द्वयसांखिक (Non-Binary) तथा तेस्रोलैङ्गिक (Third gender) व्यक्तिहरू वहिष्करणमा पारिएका छन् ।

लैङ्गिक पहिचान अनुसारको परिचयपत्र तथा व्यक्तिगत दस्तावेजहरू नहुँदा हामीहरूले दिनहुँ जीवनमा समस्या, विभेद, लाञ्छना, बाधा तथा वञ्चितिकरणको शिकार हुनुपर्ने अवस्था रहेको छ ।  हाम्रा समस्याहरू के हुन् र हाम्रा मागहरू के हुन् भन्ने विषयमा पर्याप्त र प्रष्ट दस्तावेजिकरण भई सम्बन्धित निकाय समक्ष पटक- पटक निवेदन गरिसकेको भएतापनि यी समस्याहरूलाई सम्बोधन गरी हाम्रा मागहरू पूरा हुने ढङ्गले कानून निर्माण भएको अवस्था छैन ।  तसर्थ कानून निर्माणकै सवालमा केन्द्रित रहेर हामीले यस परियोजनाको परिकल्पना गरेका थियौँ ।

अन्तरलिङ्गी, पारलैङ्गिक, गैर द्वयसांखिक तथा तेस्रोलैङ्गिक व्यक्तिहरूको हक अधिकारका क्षेत्रमा कार्यरत-संस्था २९, २ महासंघ संजाल, ५ फुक्का संजाल (Loose Network) का साथै विभिन्न संस्था, व्यक्ति एवं

अधिवक्ताहरू समेतको संयुक्त प्रयासमा हामीले ***लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८*** तयार गरेका छौं । लैङ्गिक पहिचान सम्बन्धी अन्तर्राष्ट्रिय कानून तथा अभ्यासहरू, संयुक्त राष्ट्र संघको प्रतिवेदन, नेपालको संविधान तथा सर्वोच्च अदालतद्वारा स्थापित नजीर सिद्धान्त एवं नेपालमा सम्बन्धित समुदायको माग आवश्यकता समतेको गहन अध्ययन गरी यस मस्यौदा विधेयक तयार पारिएको छ ।

मस्यौदा विधेयकका साथै प्रतिवेदन लगायतका सामाग्रीहरू संगालेर हामीले आज ***लैङ्गिक पहिचान सम्बन्धी मस्यौदा विधेयक, २०७८ : नागरिक समाजको प्रस्ताव (आइएसबिएन : 978-9937-0-9592-1)*** पुस्तक प्रकाशनमा ल्याएका छौं ।

उक्त पुस्तक देहायको लिङ्कबाट पाउन सक्नुहुनेछ ।
https://weareaptn.org/resource/civil-societys-proposal-for-gender-identity-bill-in-nepal/

यस परियोजनामा संलग्न सबै संघसंस्था, संजाल तथा समूहहरूको वक्तव्य पनि उपरोक्त लिङ्कबाट प्राप्त गर्नुहोला ।

राज्यका निकायहरू एवं कानून निर्माताहरूलाई सहयोगी हुने गरी हामीले व्यापक छलफल तथा गहन अध्ययनका साथ मस्यौदा विधेयक र अध्ययन प्रतिवेदन तयार पारेका छौं । सर्वोच्च अदालतको फैसला, नेपालको संविधान प्रद्त्त मौलिक हक तथा अन्तर्राष्ट्रिय कानून समेतको कार्यान्वयनार्थः सम्बन्धित समुदायको माग अनुसार यसै मस्यौदा विधेयकलाई कानूनको मूर्त रूप दिन हामी सम्बन्धित निकाय प्रति निवेदनार्थः छौं ।

**भवदीय,**


| | | |
|---|---|---|
| रुक्शना कपाली | एलिन भण्डारी | सुबिन मुल्मी |
| पारलैङ्गिक अधिकारकर्मी | पारलैङ्गिक अधिकारकर्मी | अधिवक्ता १४६२० प्रप्रनं)) |
| rukshana.newa@gmail.com | elynbhandari@gmail.com | subinmulmi@gmail.com |
| 9808262699 | | |